# प्राविधिक कर्मचारीहरुको फिल्ड सुविधा सम्बन्धि कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१२/२५

**खाँडाचक्र नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**खाँडाचक्र, कालिकोट**

**कर्णाली प्रदेश, नेपाल**

**२०८१**

# प्राविधिक कर्मचारीहरुको  फिल्ड सुविधा सम्बन्धि कार्यलाई ब्यबस्थित गर्न  बनेको कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१२/२५

यस नगरपालिका क्षेत्र भित्र कार्यान्वयन हुने योजनाहरुका लागि प्राविधिक कर्मचारीहरु योजना स्थानमै जानुपर्ने अवस्था भएकोले निजहरुलाई उक्त कार्यको वैज्ञानिक एवं व्यवस्थित तरिकाले सुविधा प्रदान गर्न वाञ्छनीय भएकोले कार्यविधि बनाई लागू गरीएको छ ।

## परिच्छेद-१

१. सम्क्षीप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम 'प्राविधिक कर्मचारी फिल्ड सुविधा' सम्बन्धी कार्यविधि, २०८१ रहेको छ।

(२) यो कार्यविधि खाँडाचक्र नगरकार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "अनुगमन टोली" भन्नाले कार्यालयले गठन गरेको अनुगमन टोलि सम्झनु पर्दछ ।

(ख) कार्यालय भन्नाले खाँडाचक्र नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ग) प्राविधिक कर्मचारी भन्नाले यस नगरपालिका अन्तर्गत कार्यरत स्थाई नेपाल इन्जिनियरिङ सेवाका प्राविधिक कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

(घ) "योजना" भन्नाले नगरपालिका भित्र सञ्चालित निर्माण सम्बन्धी योजनाहरु बुझनुपर्ने हुन्छ ।

# परिच्छेद २

३. फिल्ड सुबिधा :

(१) यस कार्यालय वा अन्तर्गत कार्यरत नेपाल इन्जिनियरिङ सेवाका स्थाई कर्मचारीहरुलाई कार्यालयले यस कार्यविधि बमोजिम मिति २०८१ साउन महिना देखि फिल्ड सुविधा प्रदान गरिनेछ ।

४. मासिक फिल्ड भ्रमण फाँटबारी पेश गर्नुपर्नेः

(१) यस कार्यविधि बमोजिम योजनाको लागत इंस्टिमेट तयार गर्ने, रनिङबिल तयार गर्ने, अनुगमन गर्ने, कार्यसम्पादन स्तर जाँच गर्ने या कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने वा योजना सम्पन भैसके पश्चाप जुनसुकै अवस्थामा प्राविधिक कर्मचारी फिल्डमा गई हेरेको भएमा सो को अनुसूची १ बमोजिम मासिक फिल्ड भ्रमण फाँटवारी पेश गर्नु पर्नेछ ।

(२) अनुसूची १ बमोजिमको मासिक फिल्ड भ्रमण फाँटबारी तयार भइसकेपछि भौतिक पूर्वाधार शाखा प्रमुखबाट अनुमोदन गराउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि भौतिक पूर्वाधार शाखा प्रमुखको हकमा मासिक फिल्ड भ्रमण फाँटवारी प्रमुख प्रशासकीय अधिकृतले अनुमोदन गर्नु पर्नेछ ।

(४) उपदफा १ बमोजिम फाँटबारी पेस नगर्ने कर्मचारीले फिल्ड सुविधा दाबी गर्न पाउने छैन । तर यस कार्यविधि स्विकृत हुनु पूर्वका महिनाहरुको फाँटबारी पेस नगरेमा पनि एक पटकका लागि फिल्ड सुविधा दाबी गर्न बाधा पर्ने छैन ।

५. प्राथमिकीकरण गर्नुपर्ने :

(१) यस कार्यविधि बमोजिम फिल्डमा खटिदा भौगोलिक रुपमा टाडा रहेका योजनाहरुलाई प्राथमिकीकरण गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम फिल्डमा खटिदा प्राविधिक कर्मचारीहरुले कार्य विभाजन समेत गर्नु पर्नेछ ।

६. असुलउपर गरिने : यस कार्यविधी विपरीत बढी फील्ड सुविधा उपभोग गरेको वा दफा ५ (१) बमोजिमको समयमा प्रतिवेदन पेश नगरेको वा यस कार्यविधी बमोजिमको प्रक्रिया पुरा नगरेको ठहरेमा त्यस्तो भुक्तानी लिने कर्मचारीबाट बढी ठहर भए बराबरको रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

७. फिल्ड सुविधा :

(१) दफा ४ बमोजिमको मासिक फिल्ड भ्रमण फाँटवारी पेश भई सके पश्चात नगरकार्यपालिकामा कार्यरत इन्जिनियर अधिकृत स्तरको हकमा प्रति महिना रु १४,०००.०० सब इन्जिनियर (सहायक पाचौं) को हकमा प्रति महिना ११,०००.०० र असिष्टेन्ट सब इन्जिनियर वा सो सरह (सहायक चौथो) को हकमा प्रति महिना रु १०,०००.०० फिल्ड भत्ता उपलब्ध गराइनेछ । जसमा नियमानुसार कर कट्टि गरिनेछ ।

(२) वडा कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई मासिक रु १००००.०० फिल्ड भत्ता उपलब्ध गराईने छ । जसमा नियमानुसार कर कट्टि गरिनेछ । तर वड़ा सचिवको पद भई निजलाई उक्त जिम्मेवारी दिइएमा मासिक रु १०००.०० थप प्रोत्साहान भत्ता उपलब्ध गराईने छ ।

(३) वडा कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीलाई नगरकार्यपालिकाको कार्यालयमा खट्टाईएमा उपदफा १ बमोजिमको सुविधा प्रदान गर्न बाधा पर्ने छैन ।

८. खर्चको श्रोत: नगरसभाबाट विनियोजन हुने फिल्ड भत्ता शिर्षकबाट यस कार्यविधि बमोजिम फिल्ड सुविधा प्रदान गरिनेछ।

९. सुविधा कम वा बढी हुने गरी निर्णय गर्न सक्ने:

(१) यस कार्यविधिले प्राविधिक कर्मचारीहरुका लागि निर्धारण गरेको सुविधामा कर्मचारीको कार्यसम्पादन अनुसार कम वा बढी गर्न बाधा पर्ने छैन ।

(२) नगरपालिका क्षेत्र बाहेकका अन्य स्थानमा प्राविधिक कर्मचारीलाई भ्रमण आदेश दिई खटाउँदा प्रचलित नियमानुसार भ्रमण खर्च प्रदान गर्न बाधा पर्ने छैन ।

## परिच्छेद ३

१०. असल नियतले गरेका कामको बचाऊ :

(१) यस कार्यविधी बमोजिम सम्पन्न गर्दा असल नियतले गरेका कामको सम्बन्धमा नगरपालिकाका कर्मचारी, प्राविधिक कर्मचारी, जनप्रतिनिधी वा अनुगमन टोलीका संयोजक तथा सदस्यहरु उपर कुनै कारवाही हुने छैन ।

(२) प्राविधिक कर्मचारीहरुले आंशिक रुपमा कार्यालयमा गरेका काम कारवाहीहरुलाई पनि मासिक फिल्ड भ्रमण फाँटवारीमा समावेश गर्न बाधा पर्ने छैन ।

११. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा भएको व्यवस्थाले प्रचलित कानून बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुर्याएको मानिने छैन ।

१२. बाधा अड्काउ फुकाउने अधिकार :

(१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा अनुगमन टोलीको बैठकबाट निर्णयका लागि बाधा अड्काउ फुकाऊ गर्न नगरकार्यपालिकामा पठाईने छ । र नगरकार्यपालिकाको बैठकले बाधा अड्काउ फुकाऊने छ ।

(२) यस कार्यविधि प्रतिकूल हुने गरी कार्यपालिकाले गरेका निर्णयहरु यो कार्यविधि लागू भएपछि खारेज भएको मानिनेछ ।

१३. संशोधन: यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही नगरकार्यपालिकाको हुनेछ ।

१४. अधिकार प्रत्यायोजन नगरकार्यपालिकाले यस कार्यविधीको सम्पूर्ण दफा वा कुनै निश्चित दफाको कार्यान्वयनको अधिकार राज पत्रांकित तृतीय श्रेणीको अधिकृतलाई प्रत्यायोजन गर्न सक्ने छ ।

**अनुसूची १**

**दफा ३(१) संग सम्बन्धित**

**खाँडाचक्र नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**खाँडाचक्र, कालिकोट**

**कर्णाली प्रदेश, नेपाल**

श्री प्रमुख प्रसासकीय अधिकृत ज्यू मिति:२०७८../.../....
खाँडाचक्र नगर कार्यपालिकाको कार्यालय
मान्म कालिकोट ।

बिषय : मासिक फिल्ड भ्रमण फाँटबारी

मिति २०८.. साल .............. महिनामा यस नगरपालिका अन्तर्गत योजनाहरुमा निम्नानुसारको फिल्ड भ्रमण गरीएको व्यहोरा अनुरोध छ ।

| गते | अनुगमन स्थल | अनुगमनबाट प्राप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |

| | | | |
|---|---|---|---|
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |
| २१ | | | |
| २२ | | | |
| २३ | | | |
| २४ | | | |
| २५ | | | |
| २६ | | | |
| २७ | | | |
| २८ | | | |
| २९ | | | |
| ३० | | | |
| ३१ | | | |

<u>तयार गर्ने</u>

नाम :

दर्जा :

हस्ताक्षर:

<u>प्रमाणित गर्ने</u>

नाम :

दर्जा :

हस्ताक्षर: